# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, फागुन १६ गते, २०६४ साल (अतिरिक्तांक ५७


## भाग २

### नेपाल सरकार
### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

नेपाल सरकारबाट जारी भएको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०६४ सालको अध्यादेश नं. ४

### संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना** : संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल व्यवस्थापिका-संसदको अधिवेशन वा बैठक नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम नेपाल सरकारले यो अध्यादेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "संविधान सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०६४" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ७ मा संशोधन** : संविधान सभा सदस्य ऐन, २०६४ को दफा ७ को, –

(१) उपदफा (१४) को सट्टा देहायको उपदफा (१४) राखिएको छ :-

"(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचन प्रयोजनका लागि उपदफा (३) वमोजिम उम्मेदवारको वन्दसूची तयार गर्दा त्यस्तो निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित हुने कूल सदस्य संख्याको तीस प्रतिशतभन्दा कम उम्मेदवार सूचीकृत गर्ने राजनैतिक दलले अनुसूचि-१ अन्तर्गत निर्धारित प्रतिशतमा महिला र पुरुषको संख्या वरावर हुने गरी अन्य समूहको यथाशक्य प्रतिनिधित्व गराई त्यम्तो प्रतिशतमा घटीवढी भए तापनि निर्वाचन आयोगले त्यस्तो सूचीलाई मान्यता प्रदान गर्नेछ ।"

(२) उपदफा (१४) पछि देहायको उपदफा (१५) थपिएको छ:-

"(१५) उपदफा (१४) वमोजिम तीस प्रतिशत भन्दा कम उम्मेदवार सूचीकृत गर्ने गरी उम्मेदवारको वन्दसूची आयोगसमक्ष पेश गर्ने राजनैतिक दलले प्राप्त गरेको मतको अनुपातमा उपदफा (६) वमोजिम उम्मेदवार छनौट गर्दा अनुसूचि-१ अन्तर्गत निर्धारित प्रतिशतमा महिला र पुरुषको संख्या वरावर हुने गरी अन्य समूहको यथाशक्य प्रतिनिधित्व गराई उम्मेदवार छनौट गरी आयोगसमक्ष पेश गरेको उम्मेदवारको नामावलीलाई आयोगले मान्यता प्रदान गर्नेछ ।

तर एकजना मात्र उम्मेदवार निर्वाचित हुने राजनैतिक दलको हकमा सम्वन्धित राजनैतिक दलले उम्मेदवारको वन्दसूचीमा सूचीकृत भएको कुनै पनि उम्मेदवारलाई छनौट गरेमा निर्वाचन आयोगले मान्यता प्रदान गर्नेछ ।"

३. **उम्मेदवारको बन्दसूचीमा हेरफेर गर्न सक्ने** : यो अध्यादेश प्रारम्भ हुंदाका वखत निर्वाचन आयोगसमक्ष उम्मेदवारको वन्दसूचि पेश गरिसकेका राजनैतिक दलले चाहेमा संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ७ को उपदफा (१४) वमोजिम हुने गरी उम्मेदवारको वन्दसूचिमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्वाचन आयोगले निर्धारण गरेको अवधिभित्र आव
सक्नेछ र त्यसरी राजनैतिक दलले गरेको हेरफेरलाई
मान्यता दिनेछ ।

**प्रमाणीकरण मितिः २०६४।११।१६**

**आज्ञाले,**
**डा. कुलरत्न भूर्तेल**
**नेपाल सरकारको सचिव**



**मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–**
**गो.हु.द.नं. १६।०६४।६३**

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।